# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४३ | अंक १० | नेपाल राष्ट्र बैंक समाचार | असार २०७६ | जून – जुलाई २०१९


## बजेटको लक्ष्य अनुरूपको मौद्रिक नीति आउँछ – गभर्नर डा. नेपाल




गभर्नर डा. चिरंजीवि नेपालले आ.व.२०७६/७७ को बजेट कार्यक्रममा राखिएको आर्थिक वृद्धिदर र मुद्रास्फीतिको लक्ष्यलाई सहयोग पुग्ने गरी राष्ट्र बैंकले मौद्रिक नीति ल्याउने बताउनुभएको छ ।

नेपाल व्यवस्थापन संघद्वारा २०७६ जेठ ३१ गते काठमाडौंमा आयोजित आ.व.२०७६/७७ को मौद्रिक नीतिसम्बन्धी छलफल कार्यक्रममा उहाँले सो कुरा बताउनुभएको हो । गभर्नर डा. नेपालले बजेटमा उल्लेख भए बमोजिम ८.५ प्रतिशतको आर्थिक वृद्धि र मुद्रास्फीतिलाई ६ प्रतिशतको सीमाभित्र राख्नेगरी मौद्रिक नीतिको लक्ष्य केन्द्रित रहने स्पष्ट पार्नुभयो ।

मौद्रिक नीतिले निक्षेपकर्ता र ऋणी दुबै पक्षको हितलाई प्रवर्द्धन गर्ने समेत उहाँले बताउनुभयो । केन्द्रीय बैंकले दिएको इजाजतको आधारमा जनताले बैंक तथा वित्तीय संस्थालाई विश्वास गरेको उल्लेख गर्दै जनविश्वासको कदर गर्न राष्ट्र बैंकले कुनै कसर बाँकी नराख्ने गभर्नर डा. नेपालले स्पष्ट पार्नुभयो । "बैंकप्रति जनविश्वासको जगेर्ना गर्नको लागि कतिपय अवस्थामा हामीले वित्तीय संस्थामा हस्तक्षेप समेत गर्नुपर्ने हुन्छ" उहाँले भन्नुभयो । पछिल्लो समयमा राष्ट्र बैंकले वित्तीय क्षेत्रमा प्रविधिको विकासलाई उच्च प्राथमिकतामा राखेको जानकारी उहाँले गराउनु भयो ।

नेपालमा विदेशी लगानी भित्र्याउन राष्ट्र बैंकले सहजिकरण गर्ने उल्लेख गर्दै गभर्नर डा. नेपालले बैध ढङ्गले भित्रिने विदेशी लगानी मात्रै स्वीकृत हुने बताउनुभयो । उहाँले भन्नुभयो, "स्रोत खुलेको लगानी ल्याउनुस्, हामी सहजै अनुमति दिन्छौं । गलत तरिकाले भित्रिएको रकमलाई स्वीकार गर्न सकिँदैन ।" अवैध विदेशी लगानीले मुलुकको छविमा समेत आँच आउने उहाँको भनाइ थियो ।

कार्यक्रममा पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्रीले नयाँ बजेटले मुद्रास्फीति बढाउन सक्ने संकेत गर्दै त्यसको नियन्त्रण गर्ने दिशामा मौद्रिक नीति तर्जुमा गर्न सुझाव दिनुभयो । अर्थविद् डा. चन्द्रमणि अधिकारीले अन्तर्राष्ट्रिय बजारमा भइरहेको मूल्यवृद्धिको असर नेपालमा पनि पर्नसक्ने उल्लेख गर्दै त्यसको नियन्त्रणमा मौद्रिक नीति केन्द्रित हुनुपर्ने बताउनुभयो ।

सो अवसरमा नेपाल बैंकर्स संघका अध्यक्ष ज्ञानेन्द्रप्रसाद ढुङ्गानाले लगानीयोग्य पुँजी अभावको समस्या कायमै रहेको उल्लेख गर्दै त्यसलाई सम्बोधन गर्नुपर्ने सुझाव दिनुभयो । कार्यक्रममा नेपाल उद्योग परिसंघका अध्यक्ष सतिशकुमार मोर, नेपाल विकास बैंक संघका महासचिव मनोजकुमार ज्ञवाली, नेपाल वित्त कम्पनी संघका अध्यक्ष सरोजकाजी तुलाधर, नेपाल आर्थिक पत्रकार समाजका अध्यक्ष पुष्पराज आचार्य, आईएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल लगायतले आगामी मौद्रिक नीति तर्जुमाको निम्ति विभिन्न सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा व्यवस्थापन संघका महासचिव मोहनराज ओझाले स्वागत मन्तव्य राख्नुभयो भने राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले कार्यक्रमको मध्यस्थता गर्नुभएको थियो । संघका अध्यक्ष एवम् राष्ट्रिय योजना आयोगका सदस्य सुशील भट्टको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्राप्त सुझावलाई एकीकृत गरेर मौद्रिक नीति तर्जुमाको निम्ति राष्ट्र बैंकलाई सुझाव दिइने जनाइएको छ ।

# कल निक्षेपमा सीमा

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाले स्वीकार गर्ने कल निक्षेपमा सीमा निर्धारण गरेको छ । बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा २०७६ जेठ ९ गते जारी परिपत्र अनुसार, "क" वर्गका वाणिज्य बैंकले कुल निक्षेप दायित्वको १० प्रतिशतभन्दा बढी कल निक्षेप स्वीकार गर्न पाउने छैनन् । यसैगरी, "ख" र "ग" वर्गका वित्तीय संस्थाको निम्ति कल निक्षेपको यस्तो सीमा १५ प्रतिशत कायम गरिएको छ । उक्त परिपत्र जारी हुँदाका बखत तोकिएको प्रतिशतभन्दा बढी कल निक्षेप भएका बैंक तथा वित्तीय संस्थाले २०७७ असार मसान्तसम्ममा सो सीमाभित्र ल्याइसक्नुपर्नेछ । साथै, उक्त परिपत्र जारी हुँदाका बखत "क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरूमा तोकिएको सीमाभन्दा बढी कायम रहेको कल निक्षेपको अंशभन्दा बढी हुनेगरी थप कल निक्षेप स्वीकार गर्न नपाइने समेत व्यवस्था गरिएको छ ।

## एक्सटेन्सन काउण्टर सम्बन्धी व्यवस्थामा संशोधन

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७६ जेठ १७ गते परिपत्र मार्फत् एकीकृत निर्देशन - २०७५ को इ.प्रा. निर्देशन नं. १४/०७५ को बुँदा नं. ५ मा संशोधन गर्दै एक्सटेन्सन काउण्टर सम्बन्धी व्यवस्थामा संशोधन गरेको छ । संशोधित व्यवस्था अनुसार, तोकिएको शर्तहरू पुरा गरेका "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले काठमाडौं उपत्यका, महानगरपालिका र उप-महानगरपालिका बाहेकका क्षेत्रमा एक्सटेन्सन काउण्टर खोल्न राष्ट्र बैंकको स्वीकृति लिनु नपर्ने व्यवस्था गरिएको छ । यसअघि राष्ट्र बैंकको स्वीकृति लिएर मात्रै एक्सटेन्सन काउण्टर खोल्न पाउने व्यवस्था थियो ।

संशोधित व्यवस्था अनुसार, तोकिएको शर्त पुरा गरेका बैंक तथा वित्तीय संस्थाहरूले काठमाडौं उपत्यका, महानगरपालिका र उप-महानगरपालिकाभित्र रहेका अदालत, अस्पताल, सैनिक ब्यारेक, विश्वविद्यालय, क्याम्पस, विद्यालय, सरकारी, औद्योगिक क्षेत्र तथा विदेशी कुटनैतिक नियोगहरूको सिफारिशमा उक्त निकायहरूको हाताभित्र वा अधिकतम २०० मिटरसम्मको दुरीभित्रका एक्सटेन्सन काउण्टर खोल्नका लागि आवेदन पेश गरेमा आवश्यकता र औचित्यता हेरी स्वीकृति प्रदान गर्न सकिनेछ ।

## निक्षेपमा उपहार प्रदान गर्ने व्यवस्थामा संशोधन

बैंक तथा वित्तीय संस्था नियमन विभागले २०७६ वैशाख २६ गते परिपत्र जारी गरी बैंक तथा वित्तीय संस्थाहरूले निक्षेप संकलन गर्दा सुन चाँदीका सिक्का लगायत कुनै पनि किसिमका उपहारहरू प्रदान गर्न नपाइने व्यवस्था गरेको छ । यसअघि बैंक तथा वित्तीय संस्थाहरूले चिठ्ठामा आधारित कुनै पनि प्रकारको निक्षेप उपहार कार्यक्रम सञ्चालन गर्न नपाइने तर, सम्बन्धित बैंक/वित्तीय संस्थाले तोकेका निश्चित मापदण्ड अन्तर्गत पर्ने सम्पूर्ण निक्षेपकर्ताहरूका बीचमा कुनै विभेद नगरी त्यस्ता सबै निक्षेपकर्ताहरूले निक्षेप रकमको आधारमा समान रूपमा उपहार प्राप्त गर्नेगरी निक्षेप उपहार कार्यक्रम सञ्चालन गर्न कुनै बाधा नहुने व्यवस्था थियो ।

यसैगरी, यस बैंकबाट जारी गरिएको "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" को दफा ११ मा संशोधन गरी भूकम्प पिडीतहरूले निजी आवास निर्माण कर्जाको लागि स्थायी लेखा नं. (PAN) आवश्यक नपर्ने र सो कर्जा लिएको अवस्थामा समेत अन्य सहुलियतपूर्ण कर्जा लिन सकिने व्यवस्था गरिएको छ ।

## भन्सारविन्दु सम्बन्धी परिपत्रमा संशोधन

नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभागले जारी गरेको २०७६ जेठ १० गतेको भन्सारबिन्दु सम्बन्धी संशोधित परिपत्र अनुसार, नेपाल सरकार अन्तर्गतका विभिन्न कार्यालय, आयोजना तथा सरकारी संस्थानले आयात गर्ने सामान बाहेक अन्य आयातकर्ताले तेस्रो मुलुकबाट भारतको कोलकाता/हल्दिया बन्दरगाह हुँदै ट्रकमार्फत् आयात गरिने वस्तुहरू मेची, विराटनगर, वीरगञ्ज, भैरहवा, नेपालगञ्ज, धनगढी र वीरगञ्ज सुख्खा बन्दरगाह भन्सार नाकाबाट भित्र्याउनुपर्नेछ ।

तर, कोलकाता बन्दरगाह भएर तेस्रो मुलुकबाट आउने र रेलमार्फत् ढुवानी हुने Consignment हरू Transhipment Modality मा Electronic Cargo Tracking System (ECTS) लगाई ढुवानी गर्न आयातकर्ताहरूले कोलकाता बन्दरगाहमा कुनै कागजातहरू पेश गर्नुनपर्ने व्यवस्था नेपाल सरकारबाट भए बमोजिम वाणिज्य बैंकहरूले L/C खोल्दा, Draft/TT पठाउँदा रेलमार्फत् आउने Consignments को गन्तव्यबिन्दु वीरगञ्ज (सुख्खा बन्दरगाह) वा विराटनगर हुनेगरी व्यवस्था मिलाउनुपर्नेछ ।

साथै, भारतीय बन्दरगाहहरू हुँदै तेस्रो मुलुकबाट नेपाली पानीजहाजमार्फत् आउने सामान तथा Transhipment Modality मा Electronic Cargo Tracking System (ECTS) लगाई रेलमार्फत् ढुवानी हुने Consignment हरूमा आयातको लागि नेपालबाट L/C खोल्दा, Draft/TT का माध्यमबाट रकम पठाउँदा FOB वा Ex-Work Modality मा गन्तव्य विन्दु वीरगञ्ज (सुख्खा बन्दरगाह) वा विराटनगर हुनेगरी व्यवस्था मिलाउनुपर्नेछ । FOB Modality मा आयात गर्न नसकिने अवस्था भएमा आयातकर्ताले सोको औचित्य पुष्टि गर्नुपर्ने परिपत्रमा उल्लेख छ । ढुवानीसम्बन्धी भाडा तथा खर्चको लागि यसरी L/C खोल्दा Freight Forwarders ले नेपालमा दर्ता भएको Shipping Company सँग Service L/C खोल्नुपर्ने समेत व्यवस्था गरेको छ ।

## एटीएममा नेपाली भाषा अनिवार्य

नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागले अटोमेटेड टेलर मेशीन (एटीएम) मा अनिवार्य रुपमा नेपाली भाषाको प्रयोग गर्न सूचित गरेको छ । विभागद्वारा २०७६ जेठ ५ गते जारी गरिएको सूचना बमोजिम उक्त सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र त्यस्ता मेशीनहरूमा अनिवार्य रुपमा नेपाली भाषा प्रयोग गरी कारोबार गर्न सकिने व्यवस्था मिलाइ राष्ट्र बैंकलाई लिखित जानकारी गराउन समेत विभागले सूचित गरेको छ । उक्त सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र नेपाली भाषाको प्रयोग गरी कारोबार गर्ने व्यवस्था नमिलाएमा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ३७(२) बमोजिम कारवाही हुने समेत विभागले स्पष्ट पारेको छ ।

## विद्युतीय माध्यमबाट हुने कारोबार सम्बन्धी व्यवस्थामा संशोधन/थप

नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभागले २०७६ जेठ १० गते परिपत्र मार्फत् अ.प्रा. निर्देशन नं. ५/०७५ मा उल्लेखित क्रेडिट कार्ड, डेबिट कार्ड, प्रिपेड कार्ड, मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ लगायत अन्य विद्युतीय माध्यमबाट गरिने कारोबार सम्बन्धी नीतिगत व्यवस्थामा संशोधन तथा थप गरेको छ ।

- **कार्डबाट हुने कारोबार सम्बन्धी व्यवस्था**

  ग्राहकले क्रेडिट कार्डबाट स्वीकृत क्रेडिट सीमा रकमको १० प्रतिशत मात्रै नगद झिक्न पाउनेछन् । बाँकी रकम विद्युतीय भुक्तानीमा मात्रै प्रयोग गर्न पाइनेछ । २०७५ असार ३१ मा जारी गरिएको निर्देशनमा क्रेडिट कार्डबाट २५ प्रतिशतसम्म नगद झिक्न पाउने व्यवस्था थियो ।

  यस्तै, नेपालभित्र प्रति कारोबार न्यूनतम रु.५००।- देखि अधिकतम रु.२५,०००।- सम्म प्रिपेड कार्डबाट रकम झिक्न पाउने व्यवस्थालाई यथावत राखी प्रति महिना अधिकतम रु.५०,०००।- सम्म रकम झिक्न पाउने सीमालाई हटाइएको छ । यद्यपि, उक्त व्यवस्थाले बैंक तथा वित्तीय संस्थाहरूलाई ग्राहकको चाहना बमोजिम नगद झिक्न सक्ने अधिकतम सीमा निर्धारण गर्न भने बाधा पुग्ने छैन ।

  साथै, बैंक तथा वित्तीय संस्थाले जारी गरेका NFC (Near Field Communication Technology) Contactless कार्डमार्फत् कारोबार गर्दा प्रतिपटक रु.२,०००।- सम्मको कारोबारको लागि पिन कोड आवश्यक नपर्ने व्यवस्था गरिएको छ । यस्ता प्रकारका कारोबारको लागि कारोबार संख्या र जोखिम न्यूनिकरण गर्ने व्यवस्था बैंक तथा वित्तीय संस्थाहरू स्वयम्ले निर्धारण गर्नुपर्नेछ ।

- **मोबाइल/इन्टरनेट बैंकिङबाट हुने कारोबार सम्बन्धी व्यवस्था**

  मोबाइल बैंकिङको माध्यमबाट भुक्तानी सम्बन्धी कारोबार गर्दा प्रति दिन बढीमा रु.५०,०००।- सम्म कारोबार गर्न पाइने व्यवस्था गरिएको छ । यसअघि एक पटकमा अधिकतम रु.५,०००।- वा प्रति दिन अधिकतम रु.१५,०००।- सम्म कारोबार गर्न पाइने व्यवस्था थियो । साथै, कारोबारको बिल वा विवरण प्राप्त हुने अवस्थामा बाहेक मासिक रुपमा रु.१,००,०००।- भन्दा बढीको भुक्तानी/जम्मा गर्न नपाइने व्यवस्था गरिएको छ ।

  यस्तै, इन्टरनेट बैंकिङको माध्यमबाट भुक्तानी कारोबार गर्दा (Merchant Payment) प्रति दिन अधिकतम रु.१०,००,०००।- र मासिक रुपमा रु.३०,००,०००।- सम्म भुक्तानी/जम्मा कारोबार गर्न तथा इन्टरनेट बैंकिङको माध्यमबाट खातामा ट्रान्सफर गर्दा प्रति दिन अधिकतम रु.१०,००,०००।- र मासिक रुपमा रु.५०,००,०००।-सम्म ट्रान्सफर गर्न पाइने व्यवस्था गरिएको छ ।

- **इ-वालेटबाट हुने कारोबार सम्बन्धी व्यवस्था**

  Agent वा Sub-Agent मार्फत् प्रति दिन रु.२५,०००।- सम्मको भुक्तानी/जम्मा गर्न सकिनेछ । तथापि, मासिक रुपमा अधिकतम रु.५०,०००।- भन्दा बढी भुक्तानी/जम्मा गर्न पाइने छैन । तर, ग्राहकले माग गरेको अवस्थामा Agent वा Sub-Agent मार्फत् प्रति महिना रु.२५,०००।- भन्दा बढी नहुनेगरी प्रति दिन रु.५,०००।- सम्म भुक्तानी गर्न बाधा नपुग्ने व्यवस्था गरिएको छ ।

- **बिल भुक्तानी सम्बन्धी व्यवस्था**

  भुक्तानी सेवा प्रदायक संस्थाहरूले सञ्चालन गरेका ATM जस्ता भुक्तानी उपकरणहरूबाट वस्तु वा सेवा खरिदको बिल भुक्तानी गर्दा प्रति दिन रु.२५,०००।- सम्मको कारोबार गर्न पाइने व्यवस्था कायम गरिएको छ । यस्तो कारोबारको अधिकतम मासिक सीमा रु.५०,०००।- तोकिएको छ ।

## स.नि. नेपालीलाई उत्कृष्ट शोधपत्र पुरस्कार



नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयका सहायक निर्देशक सोमराज नेपालीले नेपाल धितोपत्र बोर्डबाट 'उत्कृष्ट शोधपत्र पुरस्कार' प्राप्त गर्नुभएको छ । नेपाल धितोपत्र बोर्डले आफ्नो २७ औं वार्षिकोत्सवको अवसरमा २०७६ जेठ २५ गते आयोजित कार्यक्रममा ७० हजार रुपैयाँ र प्रमाणपत्रसहित नेपालीलाई प्रथम पुरस्कार प्रदान गरेको हो । युनिग्लोब कलेज, पोखरा विश्वविद्यालयमा स्नातकोत्तर तहको निम्ति लेखिएको "Income Diversification and Bank Risk return trade off in the Nepalese Commercial Bank" शोधपत्रबापत् नेपालीलाई सो पुरस्कार प्रदान गरिएको धितोपत्र बोर्डले जनाएको छ । नेपाल राष्ट्र बैंक समाचार स.नि. नेपालीलाई बधाई ज्ञापन गर्दछ ।

## उप-निर्देशक अधिकारीलाई विद्यावारिधि उपाधि



बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक दीपक अधिकारीले विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ । उहाँलाई "Foreign Exchange Management in Nepal: Process Assessment & Issues" शीर्षकको शोध कार्यका लागि भारतको द महाराजा सयाजीराव युनिभर्सिटी अफ बरोडाले विद्यावारिधि उपाधि प्रदान गरेको हो ।

युनिभर्सिटीका कुलपति शुभांगिनी राजे गायक्वाडले २०१९ जनवरी १३ मा अधिकारीलाई विद्यावारिधिको प्रमाणपत्र प्रदान गर्नुभयो । उहाँको शोधपत्रमा नेपालको विनिमय दर प्रणाली, विदेशी विनिमय बजार हस्तक्षेप, अन्तर्राष्ट्रिय व्यापार, विदेशी विनिमय सञ्चिती व्यवस्थापन लगायतका विषयवस्तुको विश्लेषण गरिएको छ । नेपाल राष्ट्र बैंक समाचार उप-निर्देशक अधिकारीलाई बधाई ज्ञापन गर्दछ ।

# कानून महाशाखाद्वारा अन्तरक्रिया कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, कानून महाशाखाले बैंकिङ कसुर सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजनका सम्बन्धमा सरोकारवाला निकायहरूसँग २०७६ जेठ २२ गते काठमाडौंमा एक दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।



गभर्नर डा. चिरंजीवि नेपालको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयका सरकारी वकीलहरू, विभिन्न तहका अदालत, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभागका अधिकारीहरू, राष्ट्र बैंकको नियमन तथा सुपरिवेक्षण विभागका अधिकारीहरूको सहभागिता थियो ।

सो अवसरमा गभर्नर डा. नेपालले बैंकिङ कसुर सम्बन्धी कानूनको कार्यान्वयन, संयुक्त अनुसन्धान र अभियोजनको प्रभावकारिताको निम्ति सम्बद्ध निकायहरूको सामूहिक भूमिका महत्वपूर्ण हुने बताउनुभयो । कार्यक्रममा कानून महाशाखाका निर्देशक रेवतीप्रसाद नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल प्रहरी र सरकारी वकीलका तर्फबाट दुई वटा कार्यपत्रहरू प्रस्तुत भएको थियो । बैंकिङ कसूर सम्बन्धी मुद्दाको अनुसन्धानमा प्रहरीको भूमिका, अन्तरनिकाय समन्वय तथा नेपालमा यसको अभ्यास र अनुभव सम्बन्धमा नेपाल प्रहरी, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रहरी नायव उपरिक्षक श्यामबाबु ओलियाले कार्यपत्र प्रस्तुत गर्नुभयो । यसैगरी, बैंकिङ कसूर सम्बन्धी मुद्दाको अभियोजनमा सरकारी वकिलको भूमिका, अन्तरनिकाय समन्वय तथा नेपालमा यसको अभ्यास र अनुभवका सम्बन्धमा महान्यायधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता संजीवराज रेग्मीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कानून महाशाखाका सहायक निर्देशक रामशरण पोखरेलले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# डेपुटी गभर्नर शिवाकोटीद्वारा प्रभु बैंकको शाखा उद्घाटन

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले २०७६ जेठ २० गते काठमाडौंको बल्खुमा प्रभु बैंक लिमिटेडको १८० औं शाखाको उद्घाटन गर्नुभयो ।



सो अवसरमा डेपुटी गभर्नर शिवाकोटीले नयाँ शाखामार्फत् उक्त क्षेत्रका सर्वसाधारणलाई सहज, सरल एवम् गुणस्तरीय बैंकिङ सेवा उपयोग गर्न छनौटको अवसर प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । प्रभु बैंकले विभिन्न उतार चढाव पार गर्दै वर्तमान अवस्थामा आइपुगेको विवेचना गर्दै उहाँले आगामी दिनमा अझ सशक्त रुपमा अघि बढ्न बैंकलाई शुभकामना दिनुभयो ।

वित्तीय साक्षरता र वित्तीय समावेशीकरणको महत्वबारे प्रकाश पार्दै डेपुटी गभर्नर शिवाकोटीले उपस्थित सबैलाई आफु र आफ्ना परिवारका सबै सदस्यहरूको बैंकमा खाता खोली समृद्धिको मार्गमा अघि बढ्न आग्रह गर्नुभएको थियो ।

# गभर्नर डा. नेपालद्वारा धनगढी कार्यालयको निरीक्षण

गभर्नर डा. चिरंजीवि नेपालले २०७६ बैशाख ८ गते नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयको निरीक्षण गर्नुभयो । सो अवसरमा धनगढी कार्यालयले गभर्नर डा. नेपालको सम्मानमा स्वागत कार्यक्रमको आयोजना गऱ्यो । धनगढी कार्यालयका निर्देशक निश्चल अधिकारीले गभर्नर डा. नेपाललाई स्वागत गर्दै कार्यालयको गतिविधि र कामकारवाहीका सम्बन्धमा जानकारी दिनुभयो ।



स्वागत कार्यक्रमको सिलसिलामा आयोजित कर्मचारीसँगको भेटघाट र छलफल कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. नेपालले मुलुक संघीय प्रणालीमा प्रवेश गरेसँगै आर्थिक मामिलामा केन्द्रीय बैंकको भूमिका अझ सशक्त हुनुपर्ने विचार व्यक्त गर्नुभयो । प्रदेश सरकारले समेत केन्द्रीय बैंकसँग आर्थिक तथा वित्तीय सुझावको अपेक्षा राखेको उल्लेख गर्दै उहाँले राष्ट्र बैंकले अनुसन्धान सम्बन्धी कार्यलाई थप प्रभावकारी तुल्याउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रमको सञ्चालन धनगढी कार्यालयका उप-निर्देशक वद्रीप्रसाद खकुरेलले गर्नुभएको थियो ।

# डेपुटी गभर्नर श्रेष्ठ जापान र माल्दिभ्समा

डेपुटी गभर्नर शिवराज श्रेष्ठ APRACA ले जापानको टोकियोमा २०१९ जुन ६ देखि ७ सम्म आयोजना गरेको 71st EXCUM of APRACA विषयक कार्यक्रममा सहभागी हुनुभयो । साथै, उहाँ IMF-SARTTAC ले माल्दिभ्समा २०१९ जुन १० देखि ११ सम्म आयोजना गरेको 3rd Annual Meeting of IMF-SARTTAC Steering Committee विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका कार्यकारी निर्देशक डा.गुणाकर भट्ट समेत सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

# वीरगञ्जमा एक दिने गोष्ठी सम्पन्न



नेपाल राष्ट्र बैंक, वीरगञ्ज कार्यालयले २०७६ जेठ २ गते "नोटकोष सञ्चालन, शंकास्पद नोट पहिचान, सफानोट नीति, नोट सर्टिङ र यसका लागि चाल्नुपर्ने कदम" विषयक एक दिने गोष्ठी सम्पन्न गऱ्यो ।

वीरगञ्ज कार्यालयका निर्देशक राजनविक्रम थापाको सभापतित्व र मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा कार्यकारी निर्देशक निरौलाले शंकास्पद नोट पहिचान र नोटको सुरक्षण विशेषता सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । यस्तै, मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक मणिराज श्रेष्ठले सफा नोट नीति र वीरगञ्ज कार्यालयका सहायक निर्देशक विनय केशरीले नोटकोष सञ्चालन र नोट सर्टिङका विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा कोष तथा लेखा नियन्त्रकको कार्यालय, पर्साका प्रमुख लक्ष्मीप्रसाद पौडेल, वीरगञ्ज कार्यालयको कार्यक्षेत्र अन्तर्गतका चार वटै नोटकोष बैंकका प्रतिनिधि, वीरगञ्जमा सेवारत वाणिज्य बैंकका प्रतिनिधिहरूको सहभागिता थियो । सो अवसरमा कार्यकारी निर्देशक निरौलाले सहभागीहरूको जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका उप-निर्देशक श्यामराज त्रिपाठीले स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक राजनविक्रम थापाले सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यालयका सहायक सन्तोषकुमार तामाङले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# जुम्ला र बेशीशहरमा तथ्याङ्क संकलन सम्बन्धी अन्तरक्रिया सम्पन्न

नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयको आयोजनामा जुम्लास्थित चन्दननाथ नगरपालिकामा २०७६ जेठ २ गते आर्थिक तथ्याङ्क संकलन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाको संयोजकत्वमा आयोजित कार्यक्रममा सरकारी, निजी एवम् बैंकिङ क्षेत्रसँग सम्बद्ध निकायका प्रमुख तथा तथ्याङ्क अधिकृतहरू, स्थानीय तहका अधिकारीहरू, उद्योगी व्यवसायीहरू, सञ्चारकर्मी र स्थानीय कृषकहरू लगायतको सहभागिता थियो ।

कार्यक्रममा कार्यालयका उप-निर्देशक नारायणप्रसाद पोखेलले आर्थिक तथ्याङ्क सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा नेपाल राष्ट्र बैंक र आर्थिक व्यवस्थापन, प्रादेशिक आर्थिक स्थिती, नेपालगञ्ज कार्यालयको कार्य क्षेत्र/सीमा, बैंक तथा वित्तीय संस्थाको कर्जा/निक्षेपको अवस्था, अर्थतन्त्रको प्रवृत्ति, सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान, तथ्याङ्क संकलनका चुनौती लगायतका विषयवस्तुहरू समेटिएको थियो ।

कार्यक्रममा निर्देशक सापकोटाले सहुलियतपूर्ण कर्जा सदुपयोगलाई केन्द्रबिन्दुमा राख्दै त्यसको प्रभावकारी कार्यान्वयनको निम्ति सहभागीहरूलाई अनुरोध गर्नुभयो । साथै, उहाँले उद्यमी महिला, शिक्षित बेरोजगार, दलित तथा उच्च शिक्षा लिएका युवाहरूको निम्ति ल्याइएको विना धितो कर्जासम्बन्धी कार्यक्रमलाई सहयोग गर्न बैंक तथा वित्तीय संस्थाहरूलाई अनुरोध गर्नुभयो । कार्यक्रममा निर्देशक सापकोटाले सहभागीहरूबाट उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो । नेपालगञ्ज कार्यालयका सहायक निर्देशक समीरकुमार सिंहले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसैगरी, नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयले पनि २०७६ जेठ १७ गते लमजुङको बेशीशहरमा तथ्याङ्क संकलन सम्बन्धी एक दिने गोष्ठी सम्पन्न गरेको छ ।




बेशीशहर नगरपालिकाका मेयर गुमानसिंह अर्यालको प्रमुख आतिथ्य र पोखरा कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा सरोकारवाला सरकारी कार्यालयका प्रतिनिधिहरू, स्थानीय क्याम्पस प्रमुखहरू, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरू र पत्रकार सहित करीब ६५ जनाको सहभागिता थियो । कार्यक्रममा पोखरा कार्यालयका उप-निर्देशक बसन्तबहादुर थापाले गोष्ठी आयोजना गर्नुको औचित्य र उपादेयतामाथि संक्षिप्त प्रकाश पार्दै स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सो अवसरमा पोखरा कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेलले तथ्याङ्कको महत्व, उपयोगिता एवम् चुनौतीका बारेमा कार्यपत्र प्रस्तुत गर्दै राष्ट्र बैंकले कृषि, पशुपालन, उद्योग, व्यापार, सेवा, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जा विस्तार, विप्रेषण लगायतका विषयमा तथ्याङ्क संकलन गरी सोको प्रतिवेदन नियमित रुपमा प्रकाशन गर्दै आएको जानकारी दिनुभएको थियो ।

कार्यक्रमका सहभागीहरूले संघीयता कार्यान्वयनसँगै सरकारी निकायको संरचनामा परिवर्तन आएको र कर्मचारी समायोजनको कार्य समेत पुरा नभइसकेकाले माग बमोजिमको तथ्याङ्क समयमा नै उपलब्ध गराउन समस्या रहेको जानकारी गराएका थिए । सो अवसरमा बेशीशहर नगरपालिकाका मेयर गुमानसिंह अर्यालले बैंक तथा वित्तीय संस्थाहरूको नियमित नियमन तथा सुपरिवेक्षणमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा उपस्थित सहभागीहरूले राखेका जिज्ञासाको सम्बोधन गर्दै निर्देशक डा. पोखेलले हाललाई विगतमा प्रदान गरिँदै आएको तथ्याङ्क उपलब्ध गराई सहयोग गर्न र आगामी दिनमा समेत तथ्याङ्क व्यवस्थापनको कार्यमा आवश्यक समन्वय गरी अघि बढ्न सरोकारवालाहरूसँग अनुरोध गर्नु भएको थियो । पोखरा कार्यालयका का.मु. सहायक निर्देशक बिजया गौतमले उक्त कार्यक्रम सञ्चालन गर्नु भएको थियो ।

# सर्लाही र भक्तपुरमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

सर्लाहीको लालबन्दी - १२, पत्थरकोटस्थित नारायण जनता माध्यमिक विद्यालयले लालबन्दी १२, पत्थरकोटमा २०७६ जेठ ३० गते "विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम" सम्पन्न गरेको छ । नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयको सहकार्यमा आयोजित उक्त कार्यक्रममा कक्षा ९ र १० का विद्यार्थीहरू, शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको सहभागिता थियो ।



सो अवसरमा सिद्धार्थ बैंक, लालबन्दी शाखाका प्रवन्धक विष्णुप्रसाद शर्मा र एनएमबी बैंक, कुमारीपाटी शाखाका निक्षेप व्यवस्थापक देवीप्रसाद श्रेष्ठले बैंकिङ प्रणालीको सम्बन्धमा वार्ता प्रस्तुत गर्नुभएको थियो । यसैगरी, उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक, गभर्नर कार्यालयका का.मु.सहायक निर्देशक समिता श्रेष्ठले नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाका बारेमा जानकारी दिँदै बचत, कर्जाको सदुपयोग, सफा नोट नीति, नक्कली नोट पहिचान, सहुलियत कर्जा लगायतका विषयमा आफ्नो वार्ता प्रस्तुत गर्नुभएको थियो । साथै, उहाँले सहभागी विद्यार्थीहरूले राखेका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

सो अवसरमा पूर्व सांसद एवम् नारायण जनता मा.वि.का सल्लाहकार शम्भुलाल श्रेष्ठले यस किसिमका कार्यक्रमहरू विद्यार्थीको निम्ति उपयोगी हुने विचार व्यक्त गर्नुभयो । विद्यालयका प्रअ ऋषिप्रसाद सुवेदी र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नारायण गुर्वाछानले कार्यक्रम आयोजनाको निम्ति सहयोग गरेकोमा नेपाल राष्ट्र बैंकलाई धन्यवाद व्यक्त गर्नुभयो । विद्यालयका शिक्षक टीकाराम श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

यसैबीच, नेपाल राष्ट्र बैंकको सहकार्यमा सुयोग मिडिया हाउसले जेठ ३२ गते भक्तपुरको बोडेमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा स्थानीय गृहिणी, विद्यार्थी लगायतको सहभागिता थियो ।

# भैरहवाको ठुटेपिपलमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंक, पूर्व कर्मचारी संघले २०७५ बैशाख २० गते रुपन्देहीको ओम सतिया गाउँपालिका - १, ठुटेपिपलमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा स्थानीय कृषक, महिला, व्यावसायी, सहकारी संस्थाका प्रतिनिधि, शिक्षक तथा विद्यार्थीहरूको सहभागिता रहेको थियो । संघका सचिव प्रमोदप्रसाद नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आफ्नो वार्ता प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयका निर्देशक राजेन्द्र भट्टराईले वित्तीय सचेतना सम्बन्धी कार्यक्रम आयोजना गर्नु भएकोमा पूर्व कर्मचारी संघलाई धन्यवाद दिँदै बैंकको स्थापना कालदेखि हालसम्मको उद्देश्यमा आएको परिवर्तनका सन्दर्भमा जानकारी गराउनुभयो । कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नेपाल राष्ट्र बैंकको ऐन, नियम र निर्देशनभित्र प्रत्यक्ष निगरानीमा सञ्चालन हुने र निर्देशन भन्दा बाहिर गएमा कारवाही गरिने स्पष्ट पार्दै ढुक्क भएर बैंकसँग कारोबार गर्न अनुरोध गर्नुभयो ।

उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक गभर्नर कार्यालयका सहायक निर्देशक बिष्णुदत्त पाण्डेयले स्वागत मन्तव्यसहित कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो । उक्त कार्यक्रममा ओम सतिया गाउँपालिका वडा नं. १ का अध्यक्ष बेलबहादुर बरालले वित्तीय चेतना अभिवृद्धि कार्यक्रम स्थानीय सर्वसाधारणको निम्ति अत्यन्त उपयोगी रहेको र यसले वित्तीय चेतना जगाउन सहयोग पुग्ने विचार व्यक्त गर्नुभयो ।




सो अवसरमा ठुटेपिपल माध्यमिक विद्यालयका प्रधानाध्यापक जगदीश रायले यस क्षेत्रमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना भएकोमा धन्यवाद दिँदै यस्ता कार्यक्रमहरू अझ विस्तार भएमा आर्थिक गतिविधि वृद्धिमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो । उक्त कार्यक्रमको अध्यक्षता गर्नुभएका नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, सिद्धार्थनगर शाखा समितिका अध्यक्ष डिकबहादुर विश्वकर्माले उक्त कार्यक्रमले स्थानीय क्षेत्रमा बैंकिङ बानीको विकास गर्न सघाउ पुग्ने विचार व्यक्त गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन संघका सदस्य गोबिन्दप्रसाद गौतमले गर्नुभएको थियो ।

# सल्यान र दाङमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न

कांग्रेस लाइब्रेरी (स्वतन्त्र) ले २०७६ बैशाख १७ गते सल्यान जिल्लाको कपुरकोट गाउँपालिका-३, कपुरकोट गाउँमा वित्तीय साक्षरता कार्यक्रमको आयोजना गर्‍यो । कार्यक्रममा स्थानीय कृषक, महिला, सहकारीमा आवद्ध सदस्यहरू, स्थानीय व्यवसायी तथा बैंकका प्रतिनिधि लगायतको सहभागिता थियो ।

कार्यक्रममा वार्ता प्रस्तुत गर्दै संस्थाका अध्यक्ष रविन्द्र उप्रेतीले यस क्षेत्रमा बैंकिङ बानीको विकास तथा वित्तीय चेतना जगाउने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो । कार्यक्रममा नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयका सहायक निर्देशक मनोजकुमार के.सी.ले बैंक तथा वित्तीय संस्थाहरूबाट सर्वसाधारणले प्राप्त गर्नसक्ने सेवा सुविधाका बारेमा जानकारी दिँदै वित्तीय चेतना अभिवृद्धिले ग्रामीण क्षेत्रका बासिन्दामा उद्यमशिलताको विकास गर्न मद्दत पुग्ने बताउनुभयो ।

सहायक निर्देशक के.सी.ले बचत गर्ने बानीको विकास, कर्जाको सदुपयोग, सहुलियत कर्जा, सफा नोट नीति तथा चेक बाउन्स भएमा हुने कानूनी कारबाही लगायतका विषयमा वार्ता प्रस्तुत गर्दै सहभागीहरूका तर्फबाट उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो । उक्त कार्यक्रमको अध्यक्षता गर्नुभएका वडा अध्यक्ष मीनबहादुर शाहीले वित्तीय सचेतना कार्यक्रम आयोजना भएकोमा धन्यवाद व्यक्त गर्दै यस्ता कार्यक्रमले बैंकिङ बानीको विकास र कर्जाको सदुपयोगमा सघाउ पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

यसैगरी, सोही संस्थाले २०७६ बैशाख १९ गते दाङ जिल्लाको शान्तिनगर गाउँपालिका-३, पातेटाकुरा गाउँमा वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गर्‍यो । कार्यक्रममा स्थानीय कृषक, महिला, सहकारीमा आवद्ध



सदस्यहरू, स्थानीय व्यवसायी तथा बैंकका प्रतिनिधि लगायतको सहभागिता थियो । संस्थाका अध्यक्ष रविन्द्र उप्रेती र नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयका सहायक निर्देशक मनोजकुमार के.सी.ले वित्तीय सचेतनासम्बन्धी आफ्नो वार्ता प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यक्रमको अध्यक्षता गर्नुभएका वडा अध्यक्ष बुद्धिराम तिवारीले वित्तीय सचेतना कार्यक्रमको आयोजना भएकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले यस क्षेत्रमा बैंक तथा वित्तीय संस्था र वीमा कम्पनीको शाखा विस्तार हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । उक्त दुवै कार्यक्रमको सञ्चालन संस्थाका महासचिव देवा उपाध्यायले गर्नुभएको थियो ।




## नेपालगञ्जमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम

नेपाल राष्ट्र बैंक, पूर्व कर्मचारी संघले २०७६ बैशाख २७ गते बाँकेको नेपालगञ्ज स्थित जुनियर क्याम्ब्रिज माध्यमिक विद्यालयमा वित्तीय चेतना अभिवृद्धि कार्यक्रम आयोजना गर्‍यो ।




कार्यक्रममा ने.रा.बैंकका पूर्व कर्मचारी, महिला, सहकारीमा आवद्ध सदस्य, स्थानीय व्यापारी, जनप्रतिनिधि, शिक्षक तथा विद्यार्थीहरूको सहभागिता थियो । सो अवसरमा संघका महासचिव भोलानाथ प्रेमीले यस क्षेत्रमा बैंकिङ बानीको विकास तथा सर्वसाधारणमा वित्तीय चेतना जगाउन उक्त कार्यक्रम आयोजना गरिएको जानकारी दिनुभयो ।

यसैगरी, कार्यक्रममा नेपाल राष्ट्र बैंक गभर्नर कार्यालयका सहायक निर्देशक मनोजकुमार के.सी.ले बचत गर्ने बानीको विकास, कर्जाको सदुपयोग, सफा नोट नीति, सहुलियत कर्जा, बैंकिङ कसूर लगायतका विषयमा आफ्नो वार्ता प्रस्तुत गर्दै सहभागीका प्रश्नहरूको जवाफ दिनुभएको थियो । सो कार्यक्रममा नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयका का.मु. निर्देशक नारायणप्रसाद पोखेलले वित्तीय कारोबारमा विवेकपूर्ण निर्णय लिन सुझाव दिँदै वित्तीय उपकरणका विषयमा जानकारी दिनुभएको थियो । सो कार्यक्रममा नेपालगञ्ज उप-महानगरपालिका वडा नं. १० का महिला सदस्य वसन्त जोशीले उक्त कार्यक्रम यस क्षेत्रका सर्वसाधारणका लागि उपयोगी रहेको उल्लेख गर्दै आगामी दिनमा स्थानीय सरकारको सहभागितामा यस्ता कार्यक्रम सञ्चालन गरिदिन अनुरोध गर्नुभयो ।

नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघ, नेपालगञ्ज शाखा समितिका कार्यबाहक अध्यक्ष जगदीशबहादुर सिंहले अध्यक्षता गर्नुभएको उक्त कार्यक्रममा संघका सदस्य कर्णबहादुर गुरुङले समेत वार्ता प्रस्तुत गर्नुभएको थियो ।

# गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालयले २०७६ जेठ २९ गते ज्ञान आदानप्रदान कार्यक्रम सञ्चालन गऱ्यो । बैंक तथा वित्तीय संस्था नियमन विभागको सभाकक्षमा आयोजित कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशक लक्ष्मीप्रपन्न निरौलाले “नेपालमा मुद्रा व्यवस्थापनका चुनौतीहरू” शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यकारी निर्देशक निरौलाले कार्यपत्रमार्फत् मुद्रा निष्काशनको कानूनी व्यवस्था, नोटकोषको संरचना, सञ्चालन पद्धति, नोट सर्कुलेसनको विद्यमान व्यवस्था, मुद्रा व्यवस्थापनका चुनौती लगायतका विषयमा चर्चा गर्नुभयो । साथै, उहाँले सहभागीद्वारा राखिएका जिज्ञासाको जवाफ समेत दिनुभएको थियो । कार्यालयका निर्देशक भिष्मप्रसाद उप्रेतीले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्केले उपस्थित सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

# पोखरा र विराटनगरमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न




नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमा २०७६ जेठ १२ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भयो । कार्यालयको सभाहलमा सञ्चालित उक्त कार्यक्रममा निर्देशक डा. डिल्लीराम पोखेलले "Understanding the Basic Macroeconomic and Financial Data” विषयमा वार्ता प्रस्तुत गर्नुभएको थियो ।

कार्यालयका कर्मचारीहरू सहभागी रहेको उक्त कार्यक्रममा निर्देशक डा. पोखेलले मुलुकको पछिल्लो आर्थिक तथा वित्तीय परिसूचकहरूको बारेमा चर्चा गर्दै केन्द्रीय बैंकका कर्मचारीहरूले कम्तीमा पनि बैंकले प्रकाशन गर्ने विभिन्न तथ्याङ्क एवम् प्रमुख परिसूचकहरूको बारेमा बुझ्न, जानकारी राख्न र सोको बारेमा अरुलाई बुझाउन सक्ने गरी आफ्नो क्षमता विकास गर्दै जानुपर्ने आवश्यकता औंल्याउनुभयो ।

निर्देशक पोखेलले वास्तविक क्षेत्र, मूल्य, मौद्रिक तथा वित्तीय क्षेत्र, सरकारी वित्त एवम् वाह्य क्षेत्र सम्बन्धी प्रमुख तथ्याङ्क संकलन/प्रशोधन विधि, त्यसको महत्व एवम् उपयोगिताका बारेमा संक्षिप्त चर्चा गर्दै नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले मासिक रुपमा सार्वजनिक गर्ने तथ्याङ्क एवम् प्रतिवेदन अध्ययन गर्ने बानी बसाल्न कार्यक्रमका सहभागीहरूलाई अनुरोध गर्नुभयो ।

यसैगरी, नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालयले पनि २०७६ जेठ १३ गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ । आ.व. २०७५/७६ को लागि स्वीकृत वार्षिक कार्ययोजना अनुसार विराटनगर कार्यालयमा चौथो पटक ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा कार्यालयका निर्देशक रोशनकुमार सिग्देलले "Balance of Payments" शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यपत्रमाथि कार्यालयका सहभागी कर्मचारीहरूबीच छलफल भएको थियो । निर्देशक सिग्देलले उदाहरणसहित सहभागीको जिज्ञासाको जवाफ दिनुभएको थियो ।

## शाक्य कार्यकारी निर्देशकमा बढुवा

बैंकिङ कार्यालयका कायममुकायम कार्यकारी निर्देशक नरेश शाक्य २०७६ जेठ ३१ गतेदेखि लागू हुनेगरी कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) पदमा बढुवा हुनुभएको छ ।

बैंकमा प्रशासन सेवातर्फ २०७६/०२/१० सम्ममा रिक्त रहेको कार्यकारी निर्देशक (अधिकृत विशिष्ट श्रेणी) को पद संख्या १ पदपूर्ति गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावली, २०६८ (तेस्रो संशोधन समेत) को विनियम ६५ को उपविनियम (२) बमोजिम शाक्यको बढुवा भएको जनशक्ति व्यवस्थापन विभागको सूचनामा जनाइएको छ ।

# वैदेशिक तालिम/कार्यक्रममा सहभागिता

## बैशाख महिना

सामान्य सेवा विभागका कार्यकारी निर्देशक मुकुन्द कुमार क्षेत्री Perum Peruri ले Indonesia मा २०१९ अप्रिल २९ देखि मे १ सम्म आयोजना गरेको Destruction Process of Materials Used & Wastage of Printing Nrs 500 सम्बन्धी कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका का.मु. निर्देशक प्रेमप्रसाद न्यौपाने पनि सहभागी हुनुहुन्थ्यो ।

वित्त कम्पनी सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक सुनिल उदास Deutche Bundesbank ले Germany मा २०१९ मे १४ देखि १६ सम्म आयोजना गरेको Recovery & Resolution with a Focus an Credit Institutions विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका का.मु. निर्देशक शैलेन्द्र रेग्मी AFI ले Armenia मा २०१९ अप्रिल २९ देखि मे ३ सम्म आयोजना गरेको Behavioural Insights & Evidence Based Policymaking विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

वीरगञ्ज कार्यालयका निर्देशक बुद्धराज शर्मा Bank of Korea ले Korea मा २०१९ अप्रिल २३ देखि २६ सम्म आयोजना गरेको Monetary Policy विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा अनुसन्धान विभागका उप निर्देशक गिरिजाप्रसाद कोइराला र राष्ट्र ऋण व्यवस्थापन विभागका सहायक निर्देशक पुष्करप्रसाद रिजाल पनि सहभागी हुनुहुन्थ्यो ।

बैंकर्स प्रशिक्षण केन्द्रका निर्देशक पोमनाथ गौतम Deutche Bundesbank ले Germany मा २०१९ मे ६ देखि १० सम्म आयोजना गरेको Cash Management & Combating Counterfeit Money विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

राष्ट्र ऋण व्यवस्थापन विभागका निर्देशक शुष्मा रेग्मी (रिजाल) Federal Reserve Bank ले USA मा २०१९ मे ६ देखि ९ सम्म आयोजना गरेको US Monetary Policy Implementation विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

भुक्तानी प्रणाली विभागका निर्देशक आनन्द पौड्याल Bank of Korea ले Korea मा २०१९ मे १४ देखि १७ सम्म आयोजना गरेको Payment and Settlement विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा पोखरा कार्यालयका सहायक निर्देशक ज्ञाज शर्मा र विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक भोजराज भट्ट पनि सहभागी हुनुहुन्थ्यो ।

अनुसन्धान विभागका उप निर्देशक नन्दकुमार ढकाल ISCB ले Turkey मा २०१९ अप्रिल १६ देखि १८ सम्म आयोजना गरेको Monetary Policy Workshop विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरिवेक्षण विभागका उप निर्देशक सत्येन्द्रराज सुवेदी Federal Reserve Bank ले USA मा २०१९ मे ६ देखि ९ सम्म आयोजना भएको Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

गभर्नरको कार्यालयका उप निर्देशक सुरेशकुमार दहाल Bank of Tanzania ले Tanzania मा २०१९ अप्रिल १५ देखि १७ सम्म आयोजना गरेको Knowledge Exchange Visit at Bank of Tanzania विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा उप निर्देशकहरू संस्थागत योजना विभागका रबिन्द्र महर्जन, जनशक्ति व्यवस्थापन विभागका राजनबाबु पाण्डेय र गभर्नरको कार्यालयका सहायक निर्देशक बिष्णु दत्त पाण्डेय पनि सहभागी हुनुहुन्थ्यो ।

सिद्धार्थनगर कार्यालयका उप निर्देशक विवेक कोइराला SEACEN ले Malasia मा २०१९ अप्रिल २२ देखि २६ सम्म आयोजना गरेको Payment Settlements Operations मा सहभागी हुनुभयो । उक्त कार्यक्रममा नेपालगञ्ज कार्यालयका उप निर्देशक नारायणप्रसाद पोखेल, वीरगञ्ज कार्यालयका का.मु उप निर्देशक कृष्णकुमार श्रेष्ठ र विराटनगर कार्यालयका सहायक निर्देशक जिष्णुप्रसाद बराल पनि सहभागी हुनुहुन्थ्यो ।

जनकपुर कार्यालयका उप निर्देशक सन्जीवकुमार झा IMF ले USA मा २०१९ अप्रिल २९ देखि मे १० सम्म आयोजना गरेको Finacial Markets and Instruments विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका उप निर्देशक माधव दंगाल RBI ले India मा २०१९ अप्रिल २९ देखि मे ४ सम्म आयोजना गरेको Macroeconomics for Central Banking विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा उप निर्देशकहरू जनशक्ति व्यवस्थापन विभागका सुमन नेउपाने र गभर्नरको कार्यालयका प्रेमप्रसाद आचार्य पनि सहभागी हुनु भएको थियो ।

विकास बैंक सुपरिवेक्षण विभागका उप निर्देशक मीना कुँवर (कालीकोटे) Deutche Bundesbank ले Germany मा २०१९ मे १३ देखि १७ सम्म आयोजना भएको Financial Stability, Systematic Risk and Macroprudential Policy विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विराटनगर कार्यालयका सहायक निर्देशक सुनिल कोइराला Asian Development Bank ले Philippines मा २०१९ मे १४ देखि १७ सम्म आयोजना गरेको Technological Operations and Risk Management विषयक कार्यक्रममा सहभागी हुनुभयो । उक्त कार्यक्रममा सहायक निर्देशकद्वय (सू.प्र.) उपेन्द्र सिंह र फुलचनप्रसाद शाह र बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक श्रुति सिंह पनि सहभागी हुनुहुन्थ्यो ।

सामान्य सेवा विभागका सहायक निर्देशकद्वय हरिश्चन्द्र ढकाल र सजन ढकाल National Bank of Ukraine ले Ukraine मा २०१९ अप्रिल १६ देखि १७ सम्म आयोजना भएको Roundtable on Public Procurement विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक भरत ओड ISCB ले Turkey मा २०१९ अप्रिल १६ देखि १९ सम्म आयोजना भएको Balance of Payments & External Statistics विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

## जेठ महिना

विदेशी विनिमय व्यवस्थापन विभागका कायममुकायम कार्यकारी निर्देशक सरिता भट्ट अधिकारी SEACEN द्वारा मलेशियामा २०१९ जुन ११ मा आयोजित SEACEN Expert Group Seminar विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ International Banking and Finance Institute (IBFI) ले फ्रान्समा २०१९ जुन ४ देखि ७ सम्म आयोजना गरेको A Research Agenda for Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरीवेक्षण विभागका निर्देशक दयाराम शर्मा पंगेनी The International Banking and Finance Institute (IBFI) ले अष्ट्रियामा २०१९ मे २० देखि २४ सम्म आयोजना गरेको Financial Stability Policy of Central Banks विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका निर्देशक ईश्वरीप्रसाद न्यौपाने Bank for International Settlement (BIS) ले २०१९ जुन १० देखि १४ सम्म स्विट्जरल्याण्डमा आयोजना गरेको Reserve Management विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

यसैगरी, सामान्य सेवा विभागका निर्देशक अशोककुमार पौडेल SEACEN द्वारा कोरियामा २०१९ जुन १७ देखि २१ सम्म आयोजित SEACEN Leadership Masterclass 1: Decision Making for High Performance विषयक कार्यक्रममा सहभागी हुनुभयो । विकास बैंक सुपरीवेक्षण विभागका उप-निर्देशक अमृतकुमार बुढाथोकी समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । जनकपुर कार्यालयका निर्देशक हिमप्रसाद न्यौपाने International Banking and Finance Institute (IBFI) ले २०१९ मे २१ देखि २४ सम्म्म फ्रान्समा आयोजना गरेको Seminar on Monetary & Financial Account Statistics विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

यसैगरी, बैंक सुपरीवेक्षण विभागका उप-निर्देशक लक्ष्मीप्रसाद प्रसाइँ Asian Development Bank (ADB) ले २०१९ मे १४ देखि १७ सम्म चीनमा आयोजना गरेको Developing Accountability Mechanism Framework for Financial Intermediaries विषयक कार्यक्रममा सहभागी हुनुभयो । संस्थागत योजना विभागका उप-निर्देशक आर्या जोशी Deutche Bundesbank द्वारा जर्मनीमा २०१९ जुन १७ देखि १९ सम्म आयोजित Sustainable & Green Finance विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

टक्सार विभागका उप-निर्देशक (आस्सेयर) लोकेन्द्रप्रसाद अर्याल The Royal Mint ले २०१९ जुन १७ देखि २१ सम्म लण्डनमा आयोजना गरेको The Royal Mint Coin Management Training विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक पिताम्बर पोखरेल IMF-STI द्वारा सिंगापुरमा २०१९ मे २७ देखि ३१ सम्म आयोजित Risk Based Banking Supervision विषयक कार्यक्रममा सहभागी हुनुभयो । वित्त व्यवस्थापन विभागका सहायक निर्देशक राजु श्रेष्ठ समेत उक्त कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

राष्ट्र ऋण व्यवस्थापन विभागका उप-निर्देशक कर्ता श्रेष्ठ Asian Development Bank ले २०१९ मे २१ देखि २३ सम्म अजरबैजानमा आयोजना गरेको 2019 Asian Regional Public Debt Management Forum विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

बैंक सुपरीवेक्षण विभागका सहायक निर्देशक कुबेर थापा IMF-STI ले २०१९ जुन १० देखि २१ सम्म सिंगापुरमा आयोजना गरेको Financial Sector Surveillance विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

यसैगरी, पोखरा कार्यालयका सहायक निर्देशक टीकाराम आचार्य र अनुसन्धान विभागका सहायक निर्देशक रमेशप्रसाद पराजुली Bank of Korea द्वारा कोरियामा २०१९ जुन १० देखि १४ सम्म आयोजित International Trade & Macroeconomics विषयक कार्यक्रममा सहभागी हुनुभयो । अनुसन्धान विभागका सहायक निर्देशक मित्रप्रसाद तिम्सिना IMF ले २०१९ मे ३ देखि १४ सम्म अमेरिकामा आयोजना गरेको Model Based Monetary Policy Analysis & Forecasting विषयक कार्यक्रममा सहभागी हुनुभयो । बैंकर्स प्रशिक्षण केन्द्रका सहायक निर्देशक नरेशकुमार अधिकारी Bank for International Settlement (BIS) ले २०१९ मे २७ देखि ३१ सम्म स्विट्जरल्याण्डमा आयोजना गरेको Reserve Management विषयक कार्यक्रममा सहभागी हुनुभयो । सूचना प्रविधि विभागका सहायक निर्देशक (सू.प्र.) सागरमायालु जोशी IBFI ले २०१९ जुन ४ देखि ६ सम्म फ्रान्समा आयोजना गरेको Data Protection विषयक कार्यक्रममा सहभागी हुनुभयो ।

# पदस्थापन

मिति २०७६/०१/१७ को निर्णयानुसार निर्देशकहरू शुभाषचन्द्र घिमिरे जनशक्ति व्यवस्थापन विभाग (कामकाजः भुक्तानी प्रणाली विभाग), सृजना बास्तोला बैंकिङ कार्यालय, बुद्धराज शर्मा अनुसन्धान विभाग, सुदिप फुयाँल बैंक सुपरिवेक्षण विभाग र निभा श्रेष्ठ अनुसन्धान विभाग (कामकाजः बैंकिङ कार्यालय) मा पदस्थापन हुनुभएको छ ।

यसैगरी, उप-निर्देशकहरू स्वरुप श्रेष्ठ र वृहत श्रेष्ठ वित्तीय जानकारी इकाई, नविन तिमिल्सिना लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग, राजु पौडेल बैंकिङ कार्यालय, सुशिल ज्ञवाली गभर्नरको कार्यालय, सोना राना जनशक्ति व्यवस्थापन विभाग (कामकाजः अनुसन्धान विभाग), विनय सिग्देल जनशक्ति व्यवस्थापन विभाग (कामकाजः विकास बैंक सुपरिवेक्षण विभाग), सिद्धराज भट्ट जनशक्ति व्यवस्थापन विभाग (कामकाजः अनुसन्धान विभाग), डा. शालिकराम पोखरेल जनशक्ति व्यवस्थापन विभाग (कामकाजः संस्थागत योजना विभाग), प्रमेश पोखरेल बैंकिङ कार्यालय, सिर्जना श्रेष्ठ मुद्रा व्यवस्थापन विभाग, सौनभ श्रेष्ठ राष्ट्र ऋण व्यवस्थापन विभाग, राकेश प्रजापति विकास बैंक सुपरिवेक्षण विभाग, आलोकज्योती शाक्य जनशक्ति व्यवस्थापन विभाग (कामकाजः अनुसन्धान विभाग), प्रेमप्रसाद आचार्य जनशक्ति व्यवस्थापन विभाग (कामकाजः अनुसन्धान विभाग) र मिलादेवी बाराहीलाई वित्त व्यवस्थापन विभागमा पदस्थापन गरिएको छ ।

यसैगरी, प्रधान सहायकहरू कृष्ण के.सी. जनशक्ति व्यवस्थापन विभाग (कामकाजः आन्तरिक लेखापरीक्षण विभाग), अनिष गुरागाई जनशक्ति व्यवस्थापन विभाग (कामकाजः विराटनगर कार्यालय), निमिषा कुँवर जनशक्ति व्यवस्थापन विभाग (कामकाजः नेपालगञ्ज कार्यालय), आशिष ज्ञवाली र रचना ज्ञवाली जनशक्ति व्यवस्थापन विभाग (कामकाजः बैंकिङ कार्यालय), शंकरप्रसाद भट्टराई जनशक्ति व्यवस्थापन विभाग (कामकाजः सिद्धार्थनगर कार्यालय), ओमनाथ दाहाल वित्तीय जानकारी इकाई, तुलसीराम वानियाँ वीरगञ्ज कार्यालय, मनबहादुर राई जनशक्ति व्यवस्थापन विभाग (कामकाजः बैंकिङ कार्यालय), तारा पोखरेल शर्मा जनशक्ति व्यवस्थापन विभाग (कामकाजः पोखरा कार्यालय), सुबास गुप्ता

जनशक्ति व्यवस्थापन विभाग (कामकाजः सिद्धार्थनगर कार्यालय), उज्वल ढुंगाना जनशक्ति व्यवस्थापन विभाग (कामकाजः बैंकिङ कार्यालय), विष्णुबहादुर के.सी. जनशक्ति व्यवस्थापन विभाग (कामकाजः नेपालगञ्ज कार्यालय), अशोक रेग्मी जनशक्ति व्यवस्थापन विभाग (कामकाजः विराटनगर कार्यालय), हरिलाल भट्ट जनशक्ति व्यवस्थापन विभाग (कामकाजः धनगढी कार्यालय) र उर्मिला सापकोटालाई जनशक्ति व्यवस्थापन विभाग (कामकाजः बैंकर्स प्रशिक्षण केन्द्र) मा पदस्थापन गरिएको छ ।

# सरुवा

वित्तीय जानकारी इकाईका का.मु.निर्देशक देवेन्द्र गौतम वित्त व्यवस्थापन विभाग (कामकाजः सामान्य सेवा विभाग) मा सरुवा हुनुभएको छ । त्यसैगरी, उप-निर्देशकहरू वित्तीय जानकारी इकाईका रमेश आचार्य जनशक्ति व्यवस्थापन विभाग (कामकाजः विदेशी विनिमय व्यवस्थापन विभाग) मा, सिद्धार्थनगर कार्यालयका ऋषिराम बराल बैंकिङ कार्यालयमा, राष्ट्र ऋण व्यवस्थापन विभागका शिखा अधिकारी जनशक्ति व्यवस्थापन विभाग (कामकाजः बैंक सुपरिवेक्षण विभाग) मा, सामान्य सेवा विभागका मिलन राई जनशक्ति व्यवस्थापन विभाग (कामकाजः बैंक सुपरिवेक्षण विभाग) मा, बैंकिङ कार्यालयका शान्ति प्रसाद पाण्डे सिद्धार्थनगर कार्यालयमा, बैंकिङ कार्यालयका पुष्कर नेपाली सुर्खाली पोखरा कार्यालयमा र सोही विभागका आश बहादुर थापा वीरगञ्ज कार्यालयमा, जनशक्ति व्यवस्थापन विभाग (कामकाजः विकास बैंक सुपरिवेक्षण विभाग) का अमृत बहादुर बुढाथोकी विराटनगर कार्यालयमा, बैंकिङ कार्यालयका केशव प्रसाद रिमाल जनकपुर कार्यालयमा, जनशक्ति व्यवस्थापन विभाग (कामकाजः विदेशी विनिमय व्यवस्थापन विभाग) का माधव प्रसाद पोखेल जनशक्ति व्यवस्थापन विभाग (कामकाजः नेपालगञ्ज कार्यालय) मा, वित्त व्यवस्थापन विभागका डिल्लीराम पोखेल धनगढी कार्यालयमा सरुवा हुनुभएको छ । त्यस्तै, सहायक निर्देशकहरू भुक्तानी प्रणाली विभागका अमिष ढुंगेल गभर्नरको कार्यालयमा र विराटनगर कार्यालयका संजेव कुमार राई विकास बैंक सुपरिवेक्षण विभागमा सरुवा हुनुभएको छ । साथै, प्रधान सहायकहरू बैंकिङ कार्यालय (कामकाजः वित्तीय जानकारी इकाई) का युवराज दाहाल जनशक्ति व्यवस्थापन विभाग (कामकाजः लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग) मा, नेपालगञ्ज कार्यालयका मञ्जु कुमारी न्यौपाने जनशक्ति व्यवस्थापन विभाग (कामकाजः राष्ट्र ऋण व्यवस्थापन विभाग) मा, जनशक्ति व्यवस्थापन विभाग (कामकाजः बैंकिङ कार्यालय) का गोपाल महर्जन जनशक्ति व्यवस्थापन विभाग (कामकाजः आन्तरिक लेखापरिक्षण विभाग) मा, जनशक्ति व्यवस्थापन विभाग (कामकाजः बैंकिङ कार्यालय) का रञ्जन गौतम जनशक्ति व्यवस्थापन विभाग (कामकाजः विदेशी विनिमय व्यवस्थापन विभाग) मा र वित्त व्यवस्थापन विभागका कमला अर्याल मुद्रा व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

साथै, सहायकहरू वीरगञ्ज कार्यालयका लालकुमार सुवेदी जनशक्ति व्यवस्थापन विभाग (कामकाजः गभर्नरको कार्यालय) मा र जनशक्ति व्यवस्थापन विभाग (कामकाजः आन्तरिक लेखा परीक्षण विभाग) का राजन पुडासैनी जनशक्ति व्यवस्थापन विभाग (कामकाजः विदेशी विनिमय व्यवस्थापन विभाग) मा, विराटनगर कार्यालयका पूर्ण बहादुर कार्की वित्त व्यवस्थापन विभागमा र जनशक्ति व्यवस्थापन विभाग (कामकाजः बैंकिङ कार्यालय) का विमला कुँवर जनशक्ति व्यवस्थापन विभाग (कामकाजः गभर्नरको कार्यालय) मा सरुवा हुनुभएको छ ।

# अनिवार्य अवकाश

## वैशाख महिना

निर्देशक सामान्य सेवा विभागका रुद्र बहादुर घिमिरले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार ३० वर्षे सेवा अवधिका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ । उप-निर्देशकहरू बैंकिङ कार्यालयका दिलिप कुमार कर्मोचा, गणेश प्रसाद न्यौपाने, कुमार राउत र केदार नाथ पौडेल, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका ईश्वर पन्त, विकास बैंक सुपरिवेक्षण विभागका कृष्ण प्रसाद गौतम, मुद्रा व्यवस्थापन विभागका मुकुन्द राज पौडेल, गभर्नरको कार्यालयका पार्वती थिङ लामा, आन्तरिक लेखा परीक्षण विभागका प्रधुम्न कुमार खनाल र श्रीराम न्यौपाने, वित्त व्यवस्थापन विभागका राजेन्द्र प्रसाद रिजाल, विदेशी विनिमय व्यवस्थापन विभागका राजेश कुमार सुवेदी, बैंकर्स प्रशिक्षण केन्द्रका रमेश कुमार सुवेदी, बैंक तथा वित्तीय संस्था नियमन विभागका उमा जोशी बोहरा र टेकनाथ पोखरेल, कानून महाशाखाका योगराज शर्माले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार ३० वर्षे सेवा अवधिका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

यसैगरी, सहायक निर्देशक (अ.मा.) मुद्रा व्यवस्थापन विभागका रघु थापा र सहायक निर्देशक विष्णु माया कंडेल पाण्डेय, बैंकिङ कार्यालयका सहायक निर्देशक (अ.मा.) निर्मला त्रिपाठी, राम शरण सिंह र जनक कुमार राजलवट, बैंकिङ कार्यालयका सहायक निर्देशक गणेश प्रसाद लम्साल, केदार प्रसाद अधिकारी, राजा भाइ भेले, तेज बहादुर गिरी, सुनिल कुमार शर्मा रेग्मी र विदेशी विनिमय व्यवस्थापन विभागका जीवन राज त्रिपाठीले नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार ३० वर्षे सेवा अवधिका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ । यसै, गरी उप निर्देशक विदेशी विनिमय व्यवस्थापन विभागका उत्तम कुमार पोखरेल र उप निर्देशक (कम्प्युटर) पोखरा कार्यालयका प्रताप राम पराजुली नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार ५८ वर्ष उमेर हदका कारण बैंक सेवाबाट अनिवार्य अवकाश प्राप्त गर्नुभएको छ भने सूचना प्रविधि विभागका सहायक (सु.प्र.) सुप्रभा रेग्मी राजिनामा गरी बैंक सेवाबाट अलग हुनुभएको छ ।

## जेठ महिना

कार्यकारी निर्देशकहरू बैंक तथा वित्तीय संस्था नियमन विभागका नारायणप्रसाद पौडेल, विदेशी विनिमय व्यवस्थापन विभागका भिष्मराज ढुंगाना, राष्ट्र ऋण व्यवस्थापन विभागका नरबहादुर थापा र बैंकिङ कार्यालयका झलक शर्मा आचार्यले ३० वर्षे सेवा अवधिका कारण राष्ट्र बैंकको सेवाबाट अवकाश प्राप्त गर्नुभएको छ । यस्तै, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक जनकबहादुर अधिकारीले ५८ वर्ष उमेर हदका कारण अवकाश प्राप्त गर्नुभएको छ ।

यसैगरी, मुद्रा व्यवस्थापन विभागका निर्देशक प्रेमप्रसाद न्यौपाने, विकास बैंक सुपरिवेक्षण विभागका उप-निर्देशक भुवनेश्वर भट्टराई र वित्त व्यवस्थापन विभागका उप-निर्देशक जयन्ती चापागाईं पौडेलले ३० वर्षे सेवा अवधिका कारण बैंक सेवाबाट अवकाश प्राप्त गर्नुभएको छ । मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक सम्राट रुपाखेती र सामान्य सेवा विभागका उप-प्रधान चालक मंगले तामाङले पनि ३० वर्षे सेवा अवधिका कारण अवकाश प्राप्त गर्नुभएको जनाइएको छ ।

# लघुवित्त वित्तीय संस्थालाई मर्जरमा आउन गभर्नर डा. नेपालको अपिल

गभर्नर डा. चिरंजीबि नेपालले लघुवित्त वित्तीय संस्थाहरूलाई स्वस्फूर्त रुपमा मर्जरमा जान अपिल गर्नुभएको छ।

आईबीएन मिडिया एण्ड रिसर्चद्वारा २०७६ जेठ ३१ गते ललितपुरको कुपण्डोलमा आयोजित "लघुवित्त वित्तीय संस्थाको मर्जर र आवश्यकता" विषयक कार्यक्रममा गभर्नर डा. नेपालले साझेदार संस्था आफैंले रोजेर मर्जरमा जान लघुवित्त वित्तीय संस्थाहरूलाई अपिल गर्नुभएको हो। उहाँले भन्नुभयो, "आफुलाई सहज र अनुकुल पर्ने संस्था रोजेर तपाईंहरू जतिसक्दो छिटो मर्जरमा जानुस्। तपाईंहरू आफैं मर्जरमा जानुभयो भने हामीले बाध्यकारी व्यवस्था ल्याउनै पर्दैन।"




राष्ट्र बैंकले मौद्रिक नीति ल्याउनु अगावै मर्जर प्रक्रियामा जान उहाँले लघुवित्त वित्तीय संस्थाहरूलाई सुझाव दिनुभयो। अन्यथा नीतिगत व्यवस्था गरेरै ती संस्थाहरूलाई मर्जरमा लैजान बाध्य बनाइने समेत गभर्नर डा. नेपालले स्पष्ट पार्नुभयो। मर्जरमा गएपछि लघुवित्त वित्तीय संस्थाहरूको पुँजीगत संरचना सबल हुने, सञ्चालन लागत घट्ने र क्षमता अभिवृद्धि हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।

दुर्गम क्षेत्रमा वित्तीय सेवाको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्था स्थापनाको नीति लिएता पनि ती संस्थाहरू शहरकेन्द्रित भएका कारण अपेक्षित रुपमा वित्तीय सेवा विस्तार हुन नसकेको गभर्नर डा. नेपालले बताउनुभयो। "लघुवित्त वित्तीय संस्थाहरू सामाजिक दायित्वलाई विर्सेर व्यापारमुखी भए भन्ने गुनासो धेरै सुनिएको छ। लघुवित्त वित्तीय संस्थाहरू आफ्नो उद्देश्यबाट विचलित भएका त होइनन्?" उहाँले प्रश्न गर्नुभयो। लघुवित्त वित्तीय संस्थाका विसंगतिलाई राष्ट्र बैंकले सुक्ष्म ढङ्गले हेरिरहेको र त्यसको नियन्त्रणको निम्ति बैंक सचेत रहेको समेत उहाँले प्रष्ट पार्नुभयो।

लघुवित्त वित्तीय संस्थामा लगानीयोग्य स्रोतको अभाव हुन नदिनका निम्ति प्राथमिक पुँजीको ३० गुणासम्म वित्तीय स्रोत संकलन गर्न पाउने व्यवस्था राखिएको उल्लेख गर्दै गभर्नर नेपालले उक्त सुविधाको उपयोग गर्न लघुवित्त संस्थाहरूलाई सुझाव दिनुभयो।

कार्यक्रममा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका का.मु. कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले लघुवित्त वित्तीय संस्थाहरूलाई सामाजिक सेवातर्फ उन्मुख गराउनुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो। लघुवित्त वित्तीय संस्थाको विस्तारसँगै राष्ट्र बैंकले तिनको नियामक र सुपरिवेक्षकीय क्षमता बढाउनुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो।

सो अवसरमा त्रिभुवन विश्वविद्यालयका उप-प्राध्यापक भरतसिंह थापाले 'नेपालमा लघुवित्त' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो। उक्त कार्यपत्रमा नेपालमा लघुवित्त वित्तीय संस्थाको संख्यात्मक तथा पुँजीगत अवस्था, मर्जरको आवश्यकता र चुनौती जस्ता विषयवस्तु समेटिएको थियो। कार्यक्रममा नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष रामचन्द्र जोशीले लघुवित्त वित्तीय संस्थाको संख्यात्मक विस्तारसँगै अस्वस्थ प्रतिस्पर्धा बढेको उल्लेख गर्दै मर्जरको आवश्यकता औंल्याउनुभयो।

आईबीएन मिडिया एण्ड रिसर्चका प्रबन्ध निर्देशक हृदयराज गौतमको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाल लघुवित्त बैंकर्स संघका पदाधिकारी, लघुवित्त वित्तीय संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापकीय अधिकारीहरू, सञ्चारकर्मी लगायतको सहभागिता थियो। उहाँहरूले लघुवित्त वित्तीय संस्थाहरूको वित्तीय स्रोत परिचालनको निम्ति दिगो र भरपर्दो विकल्पको आवश्यकतामा जोड दिनुभएको थियो।

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: १३९/३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
सुशिल ज्ञवाली

**सम्पादन सहयोगी**
विष्णु दत्त पाण्डेय
लालकुमार सुवेदी
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-५७०६११६, ५७०५५१८